अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।१७ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

एकडारा गाउँपालिका वडा नं.-४, महोत्तरीका निर्वाचित वडा सदस्य राम चन्द्र राय (यादव) ले गाउँपालिकाको बजेटबाट निर्माण हुने धर्मशालाको रकम निकासा गराउन सहज गराई दिन भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीबाट खटिइ गएको टोलीले निज वडा सदस्य राम चन्द्र राय (यादव) लाई सेवाग्राहीसँग रू.३६,०००। - (छत्तीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित जलेश्वर नगरपालिका वडा नं.-१ स्थित सैलेश चोकबाट रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता